पोखरा विश्वविद्यालय
व्यवस्थापन अध्ययन संकाय
डीनको कार्यालय
पोखरा-३०, कास्की

चलानी नं.: २०८०/०८१

मिति : २०८०/१२/११

# पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत स्नातकोत्तरतह छात्रवृत्ति छनौंट परीक्षाको योग्यताक्रम सूचि (Merit List) प्रकाशित सम्बन्धि सूचना !

पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समितिबाट **MBA/MHCM/MCIS** कार्यक्रमको मिति २०८०/ १२/०४ गते प्रकाशित गरिएको उत्तिर्ण सूचि **(Pass List)** का उम्मेदवारहरुलाई मात्र अनलाईन फाराम भर्दा Transcript र Character Certificate पेश नगरेको भए मिति २०८०/१२/१० गतेसम्म पेश गर्न दिएको समयभित्र Transcript र Character Certificate पेश गरेका सम्बन्धित उम्मेदवारहरुको मात्र पो.वि.छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियमानुसार संलग्न बमोजिमको योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको उम्मेदवारहरुलाई School Type–**Public** र अन्य सबैलाई School Type–**Others** हुनेगरी उम्मेदवारहरुको सूचि, खुला र आरक्षणको विवरण सहित योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा पनि जानकारी गराईन्छ ।

मिति २०८०/१२/११ गते प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरु मध्ये कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको School Type–**Public** का उम्मेदवारहरुले मात्र तपशिल बमोजिम हुनेगरी मिति २०८०/१२/११ गतेदेखि मिति २०८०/१२/१७ गतेसम्म आफुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रमहरुको विवरण पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को **अनुसूचि-(४) सँग** सम्बन्धित अनलाईन फाराममा भर्नुहुन समेत जानकारी गराईन्छ । School Type–**Others** का उम्मेदवारहरुलाई अनुसूचि-(४) सँग सम्बन्धित अनलाईन फाराम भर्ने सम्बन्धमा नियमानुसार जानकारी गराईनेछ ।

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ ।**

क) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका सम्बन्धित उम्मेदवारहरुले अनलाइन मार्फत अनुसूचि फाराम भर्दा आफ्नो नाम समावेश भएको संकायबाट बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक कार्यक्रम छनौंट गर्न सकिनेछ । साथै १ वटा शैक्षिक कार्यक्रमको लागी बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक संस्था पनि छनौंट गर्न सकिनेछ । उम्मेदवारहरुले शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्दा अनलाइनमा दिएको शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाको विवरण हेरी छनौंट गर्नुपर्नेछ । एकपटक छनौंट गरेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रमलाई पुन: सच्चाउन पाईनेछैन ।

चलानी नं.:

ख) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** को School Type–**Public** मा समावेश भएका उम्मेदवारहरुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्न अनुसूचि-४ को अनलाईन फाराममा विवरण भर्नुपर्नेछ । उक्त विवरण भर्न उम्मेदवारहरुले आफ्नो Dashboard मा रहेको **Anusuchi Application** मा गएर विवरण भर्नुपर्नेछ ।

ग) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ ।

आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा कुनै भुलचुक भइ गलत विवरण समावेश भएको रहेछ भने त्यसलाई सच्चाउने अधिकार छात्रवृत्ति छनौंट समितिमा निहित रहनेछ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समिति, २०८०